# प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा बनेको विधेयक

प्रस्तावना : प्रशासकीय कार्यविधि नियमित गर्न नेपालको संविधानको अनुसूची-६, अनुसूची-७ र अनुसूची-९ बमोजिमको अधिकारको सूचीमा उल्लेख भए बमोजिम र प्रदेश सरकारको निति तथा कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न आवश्यकता अनुसार नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं. १ मा लागू हुनेछ ।

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यविधि" भन्नाले यस ऐन अन्तर्गत बन्ने कार्यविधि सम्झनुपर्छ । सो शब्दले यस ऐन बमोजिम स्वीकृत भई लागू हुने निर्देशिका र मापदण्ड समेतलाई बुझाउँछ ।

(ख) "नियम" भन्नाले यस ऐन अन्तर्गत बन्ने नियमावली सम्झनुपर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार : (१) नेपालको संविधान बमोजिम प्रदेश सरकारले आफ्नो कार्य सम्पादन गर्न र सबै प्रशासकीय विषयमा कार्यविधि नियमित गर्नको निमित्त आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा प्रदेश सरकारले नेपालको संविधान तथा संघीय ऐन बमोजिम प्रदेश स्तरका विषयमा समेत आवश्यक नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) अन्तर्गत बनाइएका नियमहरुले प्रशासकीय कार्यविधि सम्बन्धी प्रचलित प्रदेश नियम, निर्देशिका, कार्यविधि, आदेश र मापदण्ड खारेज गर्न तथा संशोधन गर्न सक्नेछन् ।

४. असर नपर्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा प्रचलित प्रदेश वा संघीय कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो विषयमा यस ऐनमा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

५. बचाउ : यस ऐन लागू हुनुपूर्व प्रदेश सरकारले यस ऐनसँग सम्बन्धित हुनेगरी गरेको निर्णय वा आदेश यसै ऐन बमोजिम भएको मानिनेछ ।

प्रमाणीकरण मितिः- २०७५/०६/१४